ति : २०७९/१२/१० गते (शुक्रबार)
ठक संख्या : १६ औं

स्थान : पोखरा महानगरपालिका सभाहल
समय : बिहान ११ : ०० बजे ।

खरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको ६ औं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| | सदस्य | श्री दिवसमान प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| | सदस्य | श्री अमृत शर्मा तिमिल्सेना | अध्यक्ष वडा नं.१६ | |
| | सदस्य | श्री [illegible] | [illegible] | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | |
| ४५ | | श्री जीतेन्द्र जंग के.सी. | सहायक प्रमुख प्रशासकीय अधिकृत | |
| ४६ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत [illegible] | |

नेति : २०७९/१२/१० गते (शुक्रबार) स्थान : पोखरा महानगरपालिका सभाहल

ठक संख्या : १६ औं समय : बिहान ११ : ०० बजे ।

खरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको ६ औं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| | सदस्य | श्री दिवसमान प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| | सदस्य | श्री बिष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| | सदस्य | श्री राधिका कुमारी [illegible] | [illegible] | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | |
| ४५ | | श्री जीतेन्द्र जंग के.सी. | सहायक प्रमुख प्रशासकीय अधिकृत | |
| ४६ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आमन्त्रित | |

## कार्यपालिकाको सोह्रौं बैठकको निर्णयहरु (२०७९/१२/१०)

निर्णय नं. १.- पोखरा महानगरपालिका भित्रका विभिन्न मन्दिर तथा गुठीका नाउमा रहेका तर मोही कायम भई जग्गा खरिद बिक्री भई हक हस्तान्तरण हुने गरेका जग्गामा संरचना निर्माण गर्न नक्शापास गर्न पेश भएकाको हकमा नक्शा सम्पन्न प्रमाण पत्र प्रदान गर्ने समयमा पश्चात सम्पतीकर (संरचनाले चर्चेको जग्गा) लिई नक्शा सम्पन्न प्रमाण पत्र उपलब्ध गराउने व्यवस्था मिलाउने ।

निर्णय नं. २..- देहायका योजनाहरु चालु आ.व. मा सम्पन्न हुन नसक्ने भएकाले बहुवर्षिय ठेक्का प्रक्रिया बमोजिम खरिद प्रक्रिया अघि बढाउने ।

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम रु. | |
|---|---|---|---|
| १ | कदम मार्ग तिनकुने शिव मन्दिर सडक वडा नं. १४ | ७००००००/- | |
| २ | भत्केको चौकी लामगादी कनेक्टिंग सडक वडा नं. ३२ | ६०,०००००/- | |
| ३ | विपी मार्ग काहूँखोला सडक पोखरा -१३ | ८५०००००/- | |
| ४ | सरांगकोट कास्कीकोट नौडाँडा रिसिलिंग | ९४६४०००/- | |
| ५ | शहरी पक्की सडक रिसोलिंग | १०००००००० /- | |

निर्णय नं. ३.- चालु आ.व.मा विनियोजित बजेट उपशिर्षक ८०४३९२०१३५४ वडा नं ३२ सहलगानी मा विनियोजित रकम चैनपुर सातमुहाने मालमुल वृहत खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत कार्यान्वयन तथा सम्झौता गर्नको लागी वडा नं ३२ कार्यालयबाट सिफारिस पत्र प्रत्र प्राप्त भएको, सो सम्बन्धमा निर्णय गर्न आवश्यक । सो योजना संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयबाट संचालन भई ७० % अंश बापतको रकम सोही संघीय कार्यालयबाट ,२० % यस महानगरपालिकाबाट र १० % उपभोक्ता समितिबाट व्यहोर्ने व्यवस्था अनुरुप सम्झौता तथा मुल्याङ्कन समेत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयबाट गर्ने व्यवस्था गर्नुपर्ने । संघीय कार्यालयले एकमुष्ठ कार्यको मुल्याङ्कन पश्चात महानगरपालिका कार्यालय तर्फको अंश बापतको रकम यकिन गरी पठाए पश्चात यस कार्यालयबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

निर्णय नं. ४.- यस महानगरपालिका सँग निर्माण व्यवसायी PL Builders, Pokhara Kaski ले तपसिल बमोजिमका ठेक्का सम्झौता गरि मोविलाईजेसन रकम भुक्तानी लिई सम्झौता बमोजिम कार्य प्रारम्भ पनि नगरि सम्झौता अवधि समेत गुजारी सकेको, पटक पटक ताकेता गर्दा समेत सम्पर्कमा नआएकाले निजको धरौटी जफत गरि लगेको मोविलाईजेसन रकम फिर्ता गर्न आवश्यक कारवाही अघि बढाउने र सो कम्पनीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने । र उल्लिखित योजना कार्यान्वयन गर्न साविक बमोजिम खरिद प्रक्रिया अघि बढाई योजना कार्यान्वयन गर्ने ।

| क्र. सं. | योजनाको नाम | सम्झौता मिति | सम्झौताको म्याद समाप्त भएको मिति |
|---|---|---|---|
| १ | कदम मार्ग तिनकुने शिव मन्दिर सडक वडा नं. १४ | २०७८/०८/२७ | २०७९/०३/१५ |
| २ | भत्केको चौकी लामगाडी कनेक्टिंग सडक वडा नं. ३२ | २०७८/०८/२६ | २०७९/०२/३१ |
| ३ | विपी मार्ग काहूँखोला सडक पोखरा -१३ | २०७८/०८/२९ | २०७९/०३/१५ |

निर्णय नं. ५.- पोखरा महानगरपालिका वडा नं. ९ को चालु आ.व. को शान्तीवन बाट सेती नदीघाटमा जाने सिढी बाटो निर्माण योजनामा उक्त स्थानमा दोहोरै सार्वजनिक भिरालो जग्गा भएको र सर्वसाधारण सबैले धार्मिक प्रयोजनको लागि उपयोग गर्ने बाटो भएकाले सो योजनामा उपभोक्ता समितिकोतर्फबाट जुटाउनु पर्ने जनसहभागिता रकम छुट गर्ने ।

निर्णय नं. ६.- पोखरा १६ को सेती गर्ज दृष्यावलोकन ठेक्का आव्हानमा पटक पटक ठेक्का आव्हानमा एक मात्र दर्खास्त परेको र पुन ठेक्का आव्हान गर्दा राजस्व रकम गुम्ने भएकोले पर्न आएको एक मात्र दरखास्तवाला व्यवसायीले बुझाउनु पर्ने २४ महिना मध्ये १५ महिनाको रकम अग्रीम भुक्तानी गरेको र बाँकी ९ महिनाको बैंक जमानत ६ महिना भित्र नगदै जम्मा गर्ने अन्यथा ठेक्का रद्द हुने शर्त सहित गरेको ठेक्का सम्झौता अनुमोदन गर्ने ।

निर्णय नं. ७.- महानगरपालिकाले पोखरामा उत्सर्जन हुने फोहर वडा नं. ३३ मा जग्गा प्राप्त गरि आधुनिक फोहोर मैला प्रशोधन केन्द्र निर्माण गरि फोहर व्यवस्थापन गर्ने पूर्व निर्णय अनुसार उक्त कार्यको लागि निर्माण, संचालन, र हस्तान्तरण सिद्धान्त अनुसार स्वदेशी तथा स्वदेशी समेत साझेदार रहेको कम्पनीले सो कार्य गर्न चाहेमा सार्वजनिक नीजि साझेदारी समितिको सिफारिस बमोजिम नियमानुसार आसयको प्रस्ताव आव्हान गर्न महानगरपालिकाको नीजि साझेदारी समितिलाई स्वीकृति दिने ।

निर्णय नं. ८.- मणिपाल शिक्षण अस्पतालको भवनहरुको नक्शापास सम्बन्धमा सो अस्पतालले नक्शा स्वीकृतको लागि नियमानुसार प्रक्रिया अघि बढाएकोमा विविध कारणले समयमै नक्शा स्वीकृत तथा सम्पन्न प्रमाण पत्र दिने कार्य नभएकोमा राजश्व परामर्श समितिको मिति २०७९/११/२५ को निर्णय सिफारिस अनुसार जरिवाना बाहेकको दस्तुर लिई नक्शा स्वीकृत गर्न चाहेमा जरिवाना रकम छुट दिई नक्शा पास गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ९.- मणिपाल शिक्षण अस्पतालले यस महानगरपालिकालाई बुझाउनु बाँकी मालपोत, भूमी कर /सम्पत्ती करको रकम यकिन गरि सो अस्पतालले नियमानुसारको हाल सम्मको कर एकमुष्ठ बुझाएमा राजश्व परामर्श समितिको मिति २०७९/११/२५ को निर्णय सिफारिस अनुसार जरीवाना रकम मिनाहा दिने ।

**निर्णय नं. १०.-** घाटको नदीजन्य पदार्थ उत्खनन तथा निकासीको लागि ठेक्का आव्हान गर्दा ३ पटक सम्म ठेक्का नपरेकाले पुन घाटमा रहेको परिमाण नाप जाँच गरि परिमार्जित परिमाण अनुसारको ठेक्का आव्हान गर्दा पनि ठेक्का नपरेको र पुन ठेक्का आव्हान गर्दा ठेक्का नपरेमा सामाग्री उत्खनन संकलन, तथा निकासी गर्ने समय (जेष्ठ महिना सम्म) गुज्री सक्ने भएकाले देहायका घाटहरुमा रहेको दहत्तर बहत्तर पोखरा महानगरपालिकको आय ठेक्का ऐन, २०७६ तथा नियमावली २०७७ बमोजिम लिलाम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| क्र.सं. | घाटको नाम | परिमाण घ. मि. |
|---|---|---|
| १ | याम्दी घाट | २४७५ |
| २ | नारायणस्थान घाट | २११९ |
| ३ | रामघाट | ४९६८० |
| ४ | सिसौघारीघाट (दायाँ किनार) | २०१६ |

**निर्णय नं. ११.-** राजश्व परामर्श समितिको मिति २०७९/११/२५ को निर्णय अनुमोदन गरि समितिको सिफारिस बमोजिम कार्य अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. १२.-** पोखरा महानगरपालिकाको भवन तथा पूर्वाधार सम्बन्धी मापदण्ड अध्ययन सम्बन्धि प्रा. डा. ई. भरत पहारीको कार्यदलले दिएको प्रतिबेदन अध्ययन र सबै कार्यपालिका सदस्यको सुभाव संकलनगरि आगामी कार्यपालिका बैठकमा आफ्नो सुझाव पेश गर्न देहायको कार्यदल गठन गर्ने

वडा अध्यक्ष श्री पूर्णकुमार गुरुङ्ग
कार्यपालिका सदस्य श्री निर्मल दियाली
अर्वान प्लानर श्री अनन्त गौतम

**निर्णय नं. १३.-** प्राविधिक समितिबाट सिफारिस भै आएका देहायका "घ" वर्गको निर्माण ईजाजत पत्र प्राप्त गर्न परेका निबेदकहरुलाई नियमानुसार ईजाजत पत्र प्रदान गर्ने ।

| क्र. सं. | ईजाजत माग गर्ने फर्म/कम्पनीको नाम | ठेगाना |
|---|---|---|
| १ | स्काइ स्क्यापर बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | पोखरा - १६ |
| २ | पब्लिक बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | पोखरा - १३ |
| ३ | ई.जि बिल्ड कम्पनी प्रा.लि. | पोखरा - २६ |
| ४ | सर्व कन्सल्टेन्सी एण्ड कन्स्ट्रसन प्रा. लि. | पोखरा - १२ |

**निर्णय नं. १४.-** पोखरा महानगरपालिकाको शहरी योजना आयोग गठन सम्बन्धमा आवश्यक गृहकार्य गरि आगामी कार्यपालिका बैठकमा पेश गर्न देहाय बमोजिमका पदाधिकारीलाई जिम्मेवारी दिने ।

नगर प्रमुख श्री धनराज आचार्य
उप प्रमुख श्री मञ्जुदेवी गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्र देव भारती
प्रवक्ता श्री मोतीलाल तिमिल्सीना
वडा नं. २ का वडा अध्यक्ष्य श्री दिवसमान प्रधानाङ्ग
वडा नं. १७ का वडा अध्यक्ष्य श्री राधिकाकुमारी शाही योगी

निर्णय नं. १५.- पोखरामा खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्य गर्दै आएको JICA को निमन्त्रणामा जापानमा अप्रील १४ देखि २८ सम्म हुने प्राविधिक तालिममा खानेपानी शाखाका शाखा प्रमुख ईन्जिनियर श्री विवेक खत्रीलाई सहभागि गराउने र अप्रील २१ देखि २८ सम्म हुने Waste Water Treatment Plant सम्बन्धी साईट अवलोकन तथा विस्तृत छलफल र निर्णयका लागि नगर प्रमुख श्री धनराज आचार्य ज्यूलाई निमन्त्रणा आएकोमा सो भ्रमणको आर्थिक भार महानगरपालिकालाइ नपर्ने गरि स्वीकृत गर्ने र नेपाल सरकार समक्ष अनुमतीका लागि अनुरोध गर्ने ।

निर्णय नं. १६.- विभिन्न कार्यको लागि सहयोग माग भै आएका देहायका निवेदनको सम्बन्धमा सिफारिस गर्न देहायको पदाधिकारीलाई जिम्मेवारी दिने ।

नगर प्रमुख
प्रमुख प्रशासकीय अधिकृत
वित्त महाशाखा प्रमुख

| | | |
|---|---|---|
| १ | वडा न २ को कार्यालय निर्माण गर्दा मर्का परेको महिलाको निवेदन सम्बन्धमा । | |
| २ | वडा नं. ३३ का वडा सदस्य लिलादेवी नेपाली | |
| ३ | हिमाल आरोहण गर्ने पूर्णिमा श्रेष्ठको सहयोग माग सम्बन्धमा | |
| ४ | Miss Nepal प्रियंका रानी जोशीको निवेदन सम्बन्धमा | |
| ५ | हिमाल सरसफाई गर्ने नेपाली सेनाको अभियान सम्बन्धमा | |
| ६ | वडा नं. ४ को सदस्य स्व. संजय श्रेष्ठको परिवारलाई आर्थिक सहयोग सम्बन्धमा | |
| ७ | वडा नं. ११ को वडा सदस्य टुकुरादेवी परियारको निवेदन सम्बन्धमा | |

निर्णय नं. १७.- पोखरा महानगरपालिका वडा नं. ९ को बसपार्कमा रहेको साविकको ट्राफिक प्रहरी रहेको स्थानमा बन्ने पोखरा भवन बनाउने पूर्व निर्णय अनुसार कन्सल्टेन्सी बाट पेश भएको भवनको नक्शा डिजाईन स्वीकृत गर्ने ।

निर्णय नं. १८.- पोखरा महानगरपालिका वडा नं. १७ को कि. नं. ३५ को जग्गामा निर्माण हुने पोखरा महानगरपालिकको प्रशासकीय भवनको डिजाईन गर्न दिएको कन्सल्टेन्सीबाट पेश भएको भवनको नक्शा डिजाईन स्वीकृत गर्ने ।

निर्णय नं. १९.- पोखरा महानगरपालिका बाट संचालित गण्डकी प्राविधिक शिक्षालय अन्तर्गत पोखरा १७ को श्री जानकी मा.वि. मा संचालित फरेष्ट्री कार्यक्रमको लागि एक जना ल्याव सहायक (सहायक चौथो तह) को दरवन्दी स्वीकृत गर्ने र एक ब्याच Pass Out हुने अवधि २ दुई वर्ष सम्म पारिश्रमिक रकम महानगरपालिकाबाट व्यवस्था गर्ने । तत्पश्चात शिक्षालयले जिम्मेवारी लिने ।

निर्णय नं. २०.-प्राविधिक समितिबाट सिफारिस भै आएका देहायका कम्पनीका प्रारम्भिक वातावरणिय परीक्षण प्रतिबेदन IEE स्वीकृत गर्ने ।

| क्र. सं. | पेश गर्नेको नाम | वडा नं. |
|---|---|---|
| १ | ब्यास रिट्रिट (हेल्थ क्लब) (वडा नं. २२) को IEE प्रतिबेदन | २२ |
| २ | लेक भ्यू अपार्टमेण्ट, पोखरा-६ को IEE प्रतिवेदन | ६ |
| ३ | अन्नपूर्ण अपार्टमेण्ट पोखरा-१८ को IEE प्रतिबेदन | १८ |
| ४ | अन्नपूर्ण अपार्टमेण्ट पोखरा-७ को IEE प्रतिबेदन | ७ |
| ५ | वडा नं. ३२ को भोजबहादुर खाँडको IEE प्रतिबेदन | ३२ |

निर्णय नं. २१.- पोखरा महानगरपालिका को नियमनको क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरुका संचालक तथा व्यवस्थापकले सर्वसाधारणको रकम दुरुपयोग गरेको, हिनामिना गरेको शंका लागेमा वा पेश भएको विवरण अनुसार सर्वसाधारणको लगानी सुरक्षण गर्न आवश्यक देखिएमा पोखरा महानगरपालिका सहकारी ऐन, २०७५ (दोस्रो संशोधन) को दफा ५७ को उपदफा ४ मा उल्लेख भए बमोजिम उक्त सहकारीको संचालक, व्यवस्थापक वा परिवारको नाउँमा रहेको सम्पत्ती रोक्का राख्ने, सो सहकारीको नाउँमा रहेका चल अचल सम्पती रोक्का राख्न र सो सहकारीले लगानी गरि रोक्का रहेको सम्पत्ती रोक्का राख्न र आवश्यकता अनुसार सन्चालक/पूर्व सन्चालक/व्यवस्थापक/पूर्व व्यवस्थापकलाई विदेश भ्रमण गर्न समेत नपाउने गरी सम्बन्धित निकायहरुमा सिफारिस गर्ने समेत व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. २२.- देहायको विषयमा अध्ययन गरि अर्को कार्यपालिकामा सुझाव पेश गर्न निम्न पदाधिकारीलाई जिम्मेवारी दिने ।

(क) वडा नं. ११ अस्पताल चोकमा रहेको पुरानो कच्ची घर संरचना हटाउने सम्बन्धमा ।

(ख वडा नं. २५ को श्री सर्वज्ञमान श्रेष्ठको नीजि जग्गा बाटोको रुपमा प्रयोग भएको भन्ने सम्बन्धमा ।

उप-प्रमुख - संयोजक
वडा नं. ११ का वडा अध्यक्ष श्री प्रेम प्रसाद कर्माचार्य
वित्त महाशाखा प्रमुख श्री जयराम पौडेल

**निर्णय नं. २३.-** चालु आ.व. मा विभिन्न घाटमा दहत्तर बहत्तर विक्रीको लागि ठेक्का आव्हान गर्दा ठेक्का नपर्ने, सम्झौता भएका ठेक्का पनि संचालनको क्रममा विभिन्न अवरोध सिर्जना हुने, विभिन्न स्वार्थ समूहले अदालतमा मुद्दा हालेर दुख दिने जस्ता कार्य भएकाले राजस्वको महत्वपूर्ण प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्व रकम गुम्दै गएकाले यसलाई दिर्घकालिन र उल्लिखित बाधा अवरोध आउन नदिई राजस्व प्राप्तीको सुनिश्चित गर्न सेती नदीका नदीजन्य सामाग्री संकलन गर्न उपयुक्त सम्भाव्य स्थान पहिचान गरि आवश्यक संरक्षण लगायतका कार्य गरि बढी भन्दा बढी राजस्व प्राप्त हुने गरि सार्वजनिक नीजि साझेदारी वा अन्य कुनै विधिबाट राजस्व संकलन गर्न चेक ड्याम निर्माणको सम्भाव्यता अध्ययन लगायतका प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. २४.-** पोखरा विश्वविद्यालयले उपभोग गर्दै आएको जग्गा तथा भवन सम्पत्तीलाई नियमानुसार महानगरपालिकाको करको दायरामा ल्याउन आवश्यक भएकाले सम्बन्धित निकाय संग समन्वय गरि आवश्यक प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. २५.-** पोखरा महानगरपालिका अन्तर्गतका मुख्य बजार क्षेत्रभित्रका मुख्य सडकहरुमा भवन निर्माण गर्दा अनिवार्य रुपमा भूमिगत तला बनाउने नियमलाई यथावत राख्दै उक्त क्षेत्रमा केवल १ तला Trust Structure गरि बनाउने भएमा भूमिगत तला नबनाए पनि GCR ५० प्रतिशत कायम गरि आफ्नै पार्किङ्ग हुने गरि स्वीकृत दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. २६.-** पोखरा महानगरपालिका वडा नं. २५ मा खानेपानीको प्रवाहलाई गुणस्तरिय र भरपर्दो बनाउन वडा नं. २५ को च. नं. ३५८१ मिति २०७९/१२/०९ को सिफारिस अनुसार उक्त वडाको सहेलाकोघारी सुइखेत खोला किनारको कि. नं. ३३४५ मध्येको १ रोपनी सार्वजनिक जग्गामा बोरिङ्ग निर्माणको लागि सहमती दिने ।

**निर्णय नं. २७.-** पोखरा महानगरपालिका वडा नं. १९ मा रहेका घाटहरुको ठेक्का बन्दोबस्तीको कार्य नगर्नु नगराउनु हुन भनि उच्च अदालत पोखराबाट महानगरपालिकको नाउँमा अन्तरिम आदेश जारी भएको भन्ने उच्च अदालत, पोखराको पत्र संख्या २०७९/०८० च. नं. 079-09-006895 मिति २०७९/१२/०७ को पत्रबाट लेखि आएकाले आदेश बमोजिम गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. २८ .-** चालु आ.व. मा स्वीकृत कार्यक्रम मध्ये "गन्धर्व जातीको परम्परागत पेशा सारङ्गी प्रवर्धन तथा टेवामुलक कार्यक्रम" संचालनको लागि पोखरामा एउटा मात्र समूह नेपाल गन्धर्व समुदाय विकास केन्द्र बाटुलेचौर- १६ कास्की एक मात्र संस्था दर्ता रहेको र यस संस्थाले जिल्ला भर रहेका गन्धर्व जातीलाई समेटेर कार्यक्रम चलाउन पाउँ भनि निवेदन दिएको र वडा नं. १६ बाट सिफारिस भै आएकाले नियमानुसार सो संस्था मार्फत उक्त कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. २९.- प्राविधिक समितिबाट सिफारिस भै आएको पोखरा महानगरपालिका वडा नं. २५ मा स्थापना हुने गण्डकी लुब्रिकेन्ट्सको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन IEE स्वीकृत गर्ने ।

निर्णय नं. ३०.- पोखरा महानगरपालिका वडा नं. ३३ मा रहेको विपद व्यवस्थापनको लागि नछुट्टाइएको साविक भोटेपोखरी गा. वि. स. वडा नं. ३ को कित्ता नं. ६३२ को क्षेत्रफल २८४४-५-२-२ मध्येबाट १५ रोपनी जग्गा दुग्ध विकास संस्थानलाई उपलब्ध गर्न वडा नं. ३३ को प. सं. २०७९/०८० च. नं. ३३५४ मिति २०७९/१२/१० को पत्रबाट सिफारिस भै आएकाले वडा कार्यालयको सिफारिस अनुसार उल्लिखित कित्ता नं. ६३२ क्षेत्रफल २८४४-५-२-२ मध्येको जग्गाबाट पूर्व भुलभुले बस्ती, पश्चिम तगारो गौंडा डिलमुनि, उत्तर मोटरबाटो, दक्षिण उपल्लो पुँडी सामुदायीक वन क्षेत्र भित्रको १५ रोपनी जग्गा चलन चल्तीको सार्वजनिक बाटो निकासलाई असर नपर्ने गरि नेपाल सरकारको स्वामित्व रहने गरि दुग्ध विकास संस्थानलाई दुध तथा दुग्ध पदार्थ उत्पादन तथा प्रशोधन कारखाना स्थापना गर्न ४० बर्षको लागि लिजाधिकारमा उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

निर्णय नं. ३१.- यस महानगरपालिकाको योजना तर्जुमा, समानुपातिक विकास, सम्भावित प्राकृतिक प्रकोप, जुनसकै समयमा पर्न सक्ने आकस्मिक घटनाहरुको व्यवस्थापन गर्न सहयोग पुर्याउन र राजश्व संकलनमा सहयोग पुग्ने उद्देश्यले तथ्यांक संकलन गरि **Digital Profile** तयार गर्न आवश्यक भएकाले सो को लागि १२ कक्षा उत्तीर्ण **Android Mobile** भएको युवाहरुलाई दैनिक ज्यालादारीमा निश्चित शर्त सहित Digital Profile को तथ्यांक संकलन गर्न सबै वडामा देहाय बमोजिम खटाई तथ्यांक संकलन गर्न आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(क) वडा नं. १, २, ३ र ४ मा प्रति वडा ४/४ जना

(ख) वडा नं. ५, ६, ७, ८, ९, १०, ११, १२, मा प्रति वडा ५/५ जना

(ग) १८, २०, २२, २३, २४, २६, २७, २८, २९, ३०, ३१ र ३२ मा
प्रति वडा ६/६ जना

(घ) वडा नं.१३, १४, १५, १६, १७, १९, २१, २५ र ३३ मा प्रति वडा ७/७ जना

**निर्णय न. ३२ -** यस महानगरपालिकाको विभिन्न मितिका कार्यपालिकाको निर्णय वमोजिम स्थापना हुने स्वास्थ्य महाशाखा, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य प्रर्वधन केन्द्र र शिशुवा अस्पतालमा रिक्त रहेका र संघिय सरकारबाट स्विकृत शसर्त कार्यकमका स्वास्थ्य महाशाखामा हाल कार्यरत मौजुदा कर्मचारीवाट मात्र सेवा प्रवाह गर्न नपुग भएकाले देहाय बमोजिमका रिक्त अस्थाइ पदहरुमा सेवा करारमा लिइ कामकाज गराउन आवश्यक भएकोले देहाय बमोजिम सेवा करारमा लिन आवश्यक प्रकिया अघि वढाउने जिम्मेवारी नगर कार्यपालिका कार्यालयलाई दिने ।

## शहरी स्वास्थ्य केन्द्र वडा नं ६

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | अ हे व | स्वास्थ्य हे ई | सहायक चौथो | १ एक | आन्तरिक |
| २ | अ न मी | स्वास्थ्य प हे न | सहायक चौथो | १ एक | |
| ३ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |

## शहरी स्वास्थ्य केन्द्र वडा नं १९

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेण्ट | स्वास्थ्य हे ई | सहायक पाचौ | १ एक | आन्तरिक |
| २ | अ हे व | स्वास्थ्य हे ई | सहायक चौथो | १ एक | |
| ३ | अ न मी | स्वास्थ्य प हे न | सहायक चौथो | १ एक | |
| ४ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |

## शहरी स्वास्थ्य केन्द्र वडा नं २१

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेण्ट | स्वास्थ्य हे ई | सहायक पाचौ | १ एक | आन्तरिक |
| २ | अ हे व | स्वास्थ्य हे ई | सहायक चौथो | १ एक | |
| ३ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |

## शहरी स्वास्थ्य केन्द्र वडा नं २४

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेण्ट | स्वास्थ्य हे ई | सहायक पाचौ | १ एक | आन्तरिक |
| २ | अ हे व | स्वास्थ्य हे ई | सहायक चौथो | १ एक | |
| ३ | अ न मी | स्वास्थ्य प हे न | सहायक चौथो | १ एक | |
| ४ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |

## शहरी स्वास्थ्य प्रवर्धन केन्द्र वडा नं २५

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | स्वास्थ्य सामान्य चिकित्सा | आठौ | १ एक | आन्तरिक |
| २ | स्टाफ नर्स | स्वास्थ्य ज न | सहायक पाचौ | १ एक | |
| ३ | कविराज | स्वास्थ्य आयुर्वेद | सहायक पाचौ | १ एक | |
| ४ | फार्मेसी असिस्टेण्ट | स्वास्थ्य फार्मेसी | सहायक पाचौ | १ एक | |
| ५ | ल्याव असिस्टेण्ट | स्वास्थ्य ल्याव | सहायक चौथो | १ एक | |
| ६ | कम्प्युटर सहायक | विविध | चौथो | १ एक | |
| ७ | अ हे व | स्वास्थ्य हे ई | सहायक चौथो | १ एक | |
| ८ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |

## शहरी स्वास्थ्य प्रवर्धन केन्द्र वडा नं ८

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | स्वास्थ्य सा चि | आठौ | १ एक | आन्तरिक |
| २ | कविराज | स्वास्थ्य आयुर्वेद | सहायक पाचौ | १ एक | |
| ३ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |

## शिशुवा अस्पताल

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | स्त्रीरोग विशेषज्ञ | स्वास्थ्य सामान्य चिकित्सा | नवौ | १ एक | संघिय शसर्त CEONC कार्यकम |
| २ | मेडिकल अधिकृत | | आठौं | १ एक | |
| ३ | स्टाफ नर्स | स्वास्थ्य जनरल नर्सिग | सहायक पाचौ | २ दुई | |
| ४ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |
| ५ | फार्मेसी | | पाँचौ | १ एक | आन्तरिक |

## स्वास्थ्य महाशाखा

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर सहायक | विविध | पाचौ | १ एक | आन्तरिक |
| २ | कार्यालय सहयोगी | | श्रेणी विहिन | १ एक | |

## स्वास्थ्य सेवा विस्तार
## शहरी स्वास्थ्य केन्द्र वडा नं १७, १४ र अर्मला प्राथमिक स्वास्थ्य कन्द्र

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | ल्याव असिष्टेन्ट | स्वास्थ्य ल्या टे | चौथो | ३ तिन | आन्तरिक |
| १ | अ. न. मी. | अर्मला | चैथो | १ एक | |

c

## शहरी स्वास्थ्य केन्द्र २

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | | श्रेणी विहीन | १ एक | आन्तरीक |

## दरबन्दी तर्फ अर्मला, कृस्ति, शिसुवा अस्पताल

| क सं | पदको नाम | सेवा समुह | तह श्रेणी | करार लिने संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | मीडकल अधिकृत | | आठौं | ४ चार | संघीय |
| २ | स्टाफ नर्स | | पाँचौं | २ दुई | |
| ३ | रेडियो ग्राफर | | पाँचौं | १ एक | |
| ४ | एनेस्थेसिया | शिसुवा | पाँचौं | १ एक | |
| ५ | कार्यालय सहयोगी | मैाजा | | १ एक | |

**निर्णय न. ३३ -** मणिपाल शिक्षण अस्पताल पोखरा - ११ को भवनहरुको नक्शा पास सम्बन्धमा सो अस्पतालले यस कार्यालयबाट मिति २०५३/०३/१० मा अस्थाई इजाजत पत्र लिई नियमानुसार प्रक्रिया अगाडी बढाई तोकिएको म्याद भित्रको बिभिन्न मितिमा सम्पन्न प्रमाण पत्रका लागि आबेदन गरेता पनि प्रदान हुन नसकेकोले निजहरुले पुनः सम्पन्न प्रमाण पत्र माग गरेको सन्दर्भमा मिति २०७९/११/२५ को राजश्व परामर्श समितिको सिफारिस अनुसार नियमित दस्तुर लिई सम्पन्न प्रमाण पत्र लिन चाहेमा दिने व्यवस्था मिलाउनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३४ -** महानगरपालिको दायीत्वको छाडा पशु चौपाया व्यवस्थित गर्न गर्नुपर्ने देहायको योजनामा जनसहमागिता जुटाउन नसकिने भएकोले जनसहमागिता रकम छुट गर्ने ।

| क्र. सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | वडा नं.१४ बाच्छे बुडुवामा रहेको गौशालामा पूर्वाधार निर्माण | १४ |

प्रमुख प्रशासकीय अधिकृत

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल